# १ बुद्धिको आह्वान

*यस अध्यायको निम्ति पढ्नुहोस्:* हितोपदेश १-३, उत्पत्ति १:१, प्रस्थान १९:१६, प्रस्थान् २०:२०, हितोपदेश ११:३०, हितोपदेश १३:१२, हितोपदेश १५:४।

***स्मरण गर्नुपर्ने पद:* "यदि तिमीले साँच्चिकै ज्ञान आर्जन गर्न चाहन्छौभने परमेश्वरमाथि अगाढ श्रद्धा राखेर सुरू गर्नुपर्छ। तर मूर्ख मानिसले बुद्धि र तालिमलाई वाक्क मान्छन।" हितोपदेश १:७ रूपान्तरित।**

**अदनको बगैंचामा आदम र हब्बाले परमेश्वरको हितकारी वचन नसुनेको कारणले आज सारा मानव जगत वियोग तथा विपत्तिको भुमरीमा पौडी खेलिरहनुपरेको छ। "सत्य परमेश्वरको वचनलाई सुन्न छोडेर धोकेवाज तथा फताहाको पिता शैतानको कुरा सुन्न निर्णय गर्दा मानिसले सबै कुरा गुमाउनु पऱ्यो। सारा बोधशक्ति वा समझदारी परमेश्वरमा मात्र छ। दुष्ट कुराहरू असलसँग मिसाउँदा मानिसको दिमाग भद्रगोल हुन गएको छ।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. २५बाट रूपान्तरित।**

हितोपदेशको पुस्तकले हामीलाई ठिक र उचित निर्णय गर्न सिकाउँछ। परमेश्वरको मार्गलाई पहिल्याउँदै जीवनलाई अगाडि बढाउन त्यसले ठूलो सहयोग गर्दछ। त्यसले शैतानको मार्ग पनि भन्डाफोर गर्दछ। ठिक तथा उचित निर्णय गरेर हिंड्न र गलत बाटो त्याग्न बाबु वा आमाले आफ्नो छोरालाई सल्लाह दिएको पनि यस पुस्तकमा पाउँछौं। यो सल्लाह अत्यन्त महत्त्वपूर्ण छ किनभने हामीहरूको जीवन र मरण हामीहरूकै निर्णयको हातमा छ।

अर्थमूलक र उचित जीवन यापन गर्न के गर्नुपर्छ भनेर हितोपदेशको प्रथम् तिन अध्यायले सिकाउँछ। हितोपदेशको लेखकले त्यस पुस्तकको लक्ष्यलाई व्याख्या गर्दछः "बुद्धिज्ञान वा समझ शक्तिलाई जान्न" (हितोपदेश १:२)। मानिसले अपनाउनुपर्ने नीतिलाई पनि यस पुस्तकले हाम्रो अगाडि राख्दछः " परमेश्वरप्रतिको भय वा श्रद्धा नै सत्यज्ञानको सुरुवात हो" (हितोपदेश १:७, ९:१०)। बेकार र

मूर्ख कुराहरू सुनेर आफ्नो समय बरबाद नगर्नु भनेर यसले सतर्क गराउँछ भने परमेश्वरको सरसल्लाहलाई आत्मसात् गरेर जीवन यापन गर्नु भनेर हितोपदेशले हामीलाई मिठो तरिकाले सिकाउँछ।

## १. बुद्धिको सुरुवात (हितोपदेश १:७)

यस पुस्तकको विषय प्रवेशमा "दाउदको पुत्र, सोलोमनका हितोपदेशहरू" भनेर उल्लेख गरिएको छ (हितोपदेश १:१-६)। त्यसको अर्थ राजा सोलोमनले त्यस पुस्तक र १ राजा ३:५-१४सँग भएको सम्बन्धलाई स्थापना गर्दछ। राजा सोलोमनले हितोपदेशमा भनेकै जस्तै परमेश्वरबाट बुद्धि खोजिरहने छोरो भनेर चित्रण गर्दछ। सोलोमन अरू कुनै नभएर दाउदको पुत्र भनेर ती पदहरूले देखाउँदछन्। परमेश्वरबाट उपलब्ध हुने बुद्धिलाई "समझशक्ति", "बुझ्न सक्ने क्षमता", "बुद्धिज्ञान" र "न्याय" जस्ता शब्दहरूले वाख्या गरेको पाइन्छ। राजा सोलोमन नै यस पुस्तकको मूल लेखक भनेर पनि हितोपदेश १:१-६ले प्रमाणित गरिएको छ। मानव जगत परमेश्वरको ज्ञान तथा बुद्धिको खोजीमा निरन्तर लागिरहेको हुन्छ भनेर हितोपदेशले देखाउँदछ।

**हितोपदेश १:७मा लेखिएको छ "ज्ञान प्राप्त गर्न पहिले परमप्रभुको भय राख्नुपर्छ। मूर्खहरूले बुद्धिको कदर गर्दैनन् र शिक्षा लिने मन गर्दैनन्।" ज्ञान वा बुद्धि भनेको के हो? परमेश्वरको भय मान्नु भनेको के हो? परमेश्वरप्रतिको भय र असली ज्ञानको बीचमा के सम्बन्ध छ?**

बुद्धि वा ज्ञान भनेको आत्मज्ञान र साथै आत्मिक अनुभव हो भनेर हितोपदेशले व्याख्या गर्दछ। परमेश्वरसँगको भय वा श्रद्धासँग असली बुद्धि गाँसिएको पाइन्छ। यस किसिमको धारणा हिब्रू धर्ममा महत्त्वपूर्ण मानिन्छ। हितोपदेशको मूल भाग नै परमेश्वरसँगको भक्तिमा पाइने ज्ञान र बुद्धि हुन्। त्यस धारणालाई हितोपदेशको पुस्तकमा बारम्बार देखाउँछ। सारा पुस्तकको मूल बिषयवस्तु नै त्यही हो (हितोपदेश १:७, हितोपदेश ३१:३०)।

परमेश्वरको भय गर्नु भनेको कुनै नचिनेको दैविक शक्तिलाई डर मानेर पूजा गर्नु होइन, न त कुनै मन्त्रतन्त्र वा तान्त्रिकमा विश्वास गरेर भयभित हुनु हो। केही खिट्टिक्क भयो कि परमेश्वरले सजायँ दिनुहुन्छ भनेर बाल बुद्धि अपनाएर उहाँसँग डराउनु पनि होइन। तर परमेश्वरको उपस्थिति सबै ठाउँमा र जहिले पनि हुनेकारणले हामी उहाँको सम्मुख परिरहेका छौँ भनेर उहाँको व्यक्तिगत उपस्थितिप्रति सजग हुनु नै उहाँसँग श्रद्धा राख्नु हो। (त्यस्तो किसिमको गहिरो आदरभाव वा श्रद्धालाई सकारात्मक भय भनेर वर्णन गरिन्छ)। जब परमेश्वरले सिनैको पहाडमा उपस्थित भएर बादलबाट सम्बोधन गर्नुभयो त्यसबेला मानिसहरू उहाँप्रति भय व्यक्त गरेका थिए (प्रस्थान १९:१६, २०:२०)। तिनीहरू डरले भागा भाग भएका थिएनन् बरू असिम श्रद्धा तथा आदरभाव व्यक्त गरेर उपरोक्त पहाडको सामु उभिएका थिए। परमेश्वरले प्रस्तुत गर्नुभएको करारसँग वचनवद्ध हुन, उहाँप्रति बफादार हुन र उहाँलाई प्रेम गर्न प्रतिवद्धता ती इस्राएलीहरूले देखाएका थिए। त्यो नै परमेश्वरप्रति तिनीहरूमा भएको भय वा अगाढ श्रद्धाको प्रतिफल थियो। संक्षेप्तमा भन्ने हो भने परमेश्वरको भय मान्नु भनेको उहाँप्रति निष्ठावान हुनु र उहाँलाई प्रेम गर्नु हो।

"परमेश्वरको भय मान्नु नै ज्ञान तथा बुद्धिको सुरू हो" भन्नुको अर्थ "बुद्धि"को सुरुवात "भय तथा अगाढ श्रद्धाभाव"बाट सुरूहुन्छ भन्नु हो। "सुरू" भन्ने हिब्रू भाषाको शब्द रिशित-reshit-त्यही शब्द हो जुन् उत्पत्ति १:१मा प्रयोग गरिएको थियो। सही बुद्धिज्ञान सिक्ने प्रथम् खुडकिला नै परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भनेर हामीहरूको समझशक्तिमा घुसाउनु हो। हामीलाई प्राण र जीवन दिने उहाँ नै हुनुहुन्छ। र उहाँ प्रेमको परमेश्वर, न्यायमूर्ति र उद्धारकर्ता भएर हामीहरूको सामु हरदम खडा हुनुहुन्छ (यूहन्ना ३:१६, भजन ८९:१४, हिब्रू ९:१२)।

**परमेश्वरलाई प्रेम गर्नुपर्छ र उहाँको भय मान्नुपर्छ भनेर हामीलाई बताइएको छ।** ती दुई धारणाहरू एक आपसमा मिलेको छ

भनेर तपाईं आफैले परमेश्वरसँगको सम्बन्धलाई कुन् रूपमा भेट्टाउनुभएको छ?

## २. सच्चा तथा सही शिक्षा (हितोपदेश १:८-१९)

हितोपदेश १:८-१९मा दुई तरिकाबाट शिक्षा दिइन्छ भनेका छन्। प्रत्येक आमाबाबु र परमेश्वरप्रति श्रद्धा राख्नेहरूलाई ती पदहरूमा के मौलिक सन्देश अपनाइएको छ? हेर्नुहोस्: "हे मेरो छोरो, आफ्नो बाबुको आदेश सुन् र आफ्नी आमाको शिक्षा नत्याग्। ९ ती तिम्रो शिरमा शोभाको मुकुट, र तिम्रो गलामा सम्मानको हार हुनेछ। १० हे मेरो छोरो, यदि पापीहरूले तिमीलाई बहकाउन खोजे भने, तिनीहरूको बहकाउमा नलाग्। ११ तिनीहरू भन्लान्, "आऊ हामीसँग, कसैको रक्तपात गर्न ढुकिबसौं, कुनै निर्दोषलाई लुट्न ढुकिबसौं, १२ चिहानले निलेझैं, र गहिरो भड्खालोमा परी त्यसको पींधमा पुग्नेहरूलाई झैं, हामी तिनीहरूलाई पूरै जिउँदै निलौं। १३ हामी सबै किसिमका बहुमूल्य थोकहरू लिनेछौं, र लूटका मालसामानले हाम्रा घर भर्नेछौं, १४ तिमी हामीसँगै साझेदार होऊ, र हामी लूटको थैलोबाट बाँड्नेछौं।" १५ हे मेरो छोरो, तिनीहरूसँग नजा, तिनीहरूको मार्गमा खुट्टै नराख्, १६ किनकि तिनीहरूका खुट्टा पाप गर्न हतारिन्छन्, तिनीहरू रक्तपात गर्न आतुरी गर्छन्। १७ सबै पक्षीहरूका नजरको सामु जाल फैलाउनु कति व्यर्थ! १८ यी मानिसहरू आफ्नै रगतको लागि ढुकिरहन्छन्, तिनीहरू आफै जाकिन ढुकिरहन्छन्! १९ बेईमानीसित कमाउनपट्टि लाग्नेहरू सबैको अन्त्य यस किसिमले हुन्छ, यसरी धन आर्जन गर्नेको जीवन त्यसैले छिनेर लैजान्छ।"

शिक्षा वा बालबालिकालाई सही दिशातर्फ तालिम दिनु पारिवारिक मामिला हो। सही शिक्षा आमाबाबुबाटै सिक्दछन्। उपरोक्त पदहरूमा शिक्षालाई "आदेश अर्थात् निर्देशन वा सिकाउनु" र "व्यवस्था वा कानून" भनेर पनि संवोधन गरिएको छ। हिब्रू भाषामा व्यवस्था अर्थात तोराह लाई निर्देशिका पनि भनिन्छ। आमाबाबुले आफ्ना छोराछोरीहरूलाई सही मार्ग देखाउनु पर्छ। तर अर्को खालको शिक्षाको

नाउँ दिइएको छैन। त्यो केवल दुष्ट वा पापीहरूको आवाज वा कुरामात्र भनेका छन्। त्यसले गलत दिशातर्फ मानिसलाई दोऱ्याउँछ।

"हे मेरो छोरो" भन्नुको अर्थ केवल पुरुषलाई मात्र सम्धोधन गरेको होइन भनेर मानिलिनुपर्छ। यो शब्द धेरै पल्ट प्रयोग गरिएको छ। बारम्बार यो शब्द प्रयोग गर्दा शिक्षादिक्षा आमाबाबुबाट नै आउँछ भनेर देखाइएको हो। आफ्नो सन्तानलाई सही दिशातर्फ दोऱ्याउन वा सिकाउन केवल बाबुमात्र होइन आमाको पनि उत्तिकै उल्लेखनीय भूमिका हुन्छ भनेर ती पदहरूले स्पष्ट रूपमा देखाउँछ। तर पापीहरूको समूहले पनि खराब कुरा सिकाउँछ भनेर देखाइएको छ।

"परमेश्वरले आफ्नो ज्ञानले यो देखाउँछ कि सबै स्कुलहरूभन्दा परिवार सबभन्दा महान् शिक्षा हासिल गर्ने थलो हो। बालबालिकाको शिक्षा घरैबाट सुरू हुन्छ। तिनीहरूको पहिलो स्कुल त्यही हो। आमाबाबु नै तिनीहरूको पहिलो गुरू हुन्छ र तिनीहरूलाई जिन्दगी भर अगुवाइ गर्ने पाठ आफ्नै आमाबाबुबाट सिक्दछन्। बालबालिकाहरू असल बाटोमा वा खराब बाटोमा जान निर्णय गराउने सबभन्दा मूल माध्यम नै घरबाट पाइने शिक्षा हो। यदि आमाबाबुले छोराछोरीहरूलाई सही बाटोमा लान असफल भयोभने सैतानले नै आफ्नै तरिकाहरू अपनाएर तिनीहरूलाई सिकाउँनेछ।"-एलेन जी ह्वाइट, द आडभेन्टिस्ट होम, पृ. १८२बाट रूपान्तरित।

परिवारले कस्तो शिक्षादिक्षा आफ्ना छोराछोरीहरूलाई दिइयो भनेर थाहा पाउन ती छोराछोरीहरूलाई नै हेर्नुपर्छ। चरित्र निर्माण गर्ने ईंटाहरू घरैमा बनिन्छ। असल चरित्र शिरमा सजिएको र घाँटीमा लगाएको हिराज्वहारत जस्तै हुन्। मध्य पूर्व देशहरूमा आमाबाबुहरूले बहुमूल्य चुरा र मालाहरू आफ्ना छोराछोरीहरूलाई अति महँगो उपहारको रूपमा दिइन्छ। तर असल र सही शिक्षा कुनै पनि संसारिक बहुमुल्य धन भन्दा महत्त्वपूर्ण हुन्छ। बन्दव्यापारमा समय बिताउनुभन्दा अमूल्य समय आफ्ना छोराछोरीहरूसँग बिताउनु असल हो। गला र शिर भनेर प्रयोग गरिएको शब्द चित्रले व्यक्तिको अनुहार वा इज्जतलाई देखाउँछ। मानिसको व्यक्तित्वलाई शिक्षाले प्रभाव पार्छ भनेर ती

शब्दचित्रहरूले देखाउँछन्। मूर्ख वा पापीको मार्ग पाइताला वा खुट्टा (हितोपदेश १:१५)लाई औंल्याइएको छ। त्यसको अर्थ बाटो बिराएर भौंतारिएको छोरालाई देखाउँछ।

**परिवार, समाज, संस्कार र साथीहरूले हामीहरूले अनुचित वा हानीकारक मार्गतिर दोऱ्याउँदा हामीले नाईं भन्न कसरी सिक्ने?**

## ३. बुद्धिज्ञानको निम्ति आह्वान (हितोपदेश १:२०,२१)

**बुद्धिलाई कुन् रूपमा प्रस्तुत गरिएको छ र त्यसले हामीलाई के भन्दछ? हेर्नुहोस् हितोपदेश १:२०,२१ "बुद्धि सड़कहरूमा चर्को सोरले कराउँछ, त्यसले आफ्नो आवाज बजारहरूमा उचाल्छ, २१ होहल्लाले भरिएका गल्लीहरूका पर्खालमाथिबाट त्यो चिच्याउँछ, सहरका मूल ढोकाहरूमा यसरी त्यसले भाषण गर्छ: "हे निर्बुद्धि हो, कहिलेसम्म तिमीहरू आफ्नो बुद्धिहीन मार्गलाई प्रेम गरिरहनेछौ? कहिलेसम्म खिल्ली उड़ाउनेहरू खिल्ली उड़ाइरहनमा मग्न भइरहने र मूर्खहरूले ज्ञानलाई घृणा गर्दैरहने?"**

पापी तथा अधर्मीहरू "अरूलाई कसरी खतम गरूँ वा अरूको खुट्टा तानेर कसरी बजारूँ" भनेर ढुकेर बस्छ (हितोपदेश १:२० रूपान्तरित)। तर बुद्धि बाहिर बाटो बाटो तथा चोक चोकमा ठूलो स्वरले चिच्याएर आह्वान गरिरहन्छिन् (हितोपदेश १:२०,२१ रूपान्तरित) र उनले आफ्ना आवाजहरू उठाइ रहन्छिन् (हितोपदेश १:२१ रूपान्तरित)। बुद्धि त्यो पनि नारीको संज्ञा दिएर व्यक्तिको रूपमा सम्बोधन गर्छन्। सडक, बाटोघाटोमा हिंड्ने पुरुष र महिला दुबैलाई बुद्धिले आफ्नो ज्ञान फैलाउँदै त्यसलाई ग्रहण गर भनेर आह्वान गर्छिन्। यथार्थमा यस संसारमा जन्मिने प्रत्येक मानिसको हृदयमा बुद्धि पस्न चाहन्छ। उत्पादित बस्तुहरू बिक्री गर्न मानिसहरू ठूला ठूला स्वरले विज्ञापन गर्छन्, बाटोमा बिक्री गर्ने मानिसहरूले आफूकहाँ आउन् भनेर चर्को स्वरले कराउँछन्, तर बुद्धिको स्वर ती सबैलाई माथ गर्ने अझ चर्को स्वर हुनुपर्छ रे! यदि उनको स्वर अरूभन्दा चर्को भएन भने यस संसारमा भएरहेको ठूलो हल्लिखल्लिको बीचमा उनको स्वर केवल नैपथ्यमामात्र बिलाएर जान्छन।

चाहे बजारमा होस् चाहे बिवेकमा होस्, जब चर्को स्वरले कराएको बुद्धिलाई दमन गरियो वा सुन्न अस्वीकार गरियो भने त्यसको नतिजा के हुन्छ? हेर्नुहोस् : हितोपदेश १:२२-३२ "हे निर्बुद्धि हो, कहिलेसम्म तिमीहरू आफ्नो बुद्धिहीन मार्गलाई प्रेम गरिरहनेछौ? कहिलेसम्म खिल्ली उड़ाउनेहरू खिल्ली उड़ाइरहनमा मग्न भइरहने र मूर्खहरूले ज्ञानलाई घृणा गर्दैरहने? २३ यदि मेरो हप्की तिमीहरूले ग्रहण गरेका भए, म आफ्नो हृदयका कुराहरू तिमीहरूसँग पोख्नेथिएँ
र मेरा विचारहरू तिमीहरूलाई थाहा गराउनेथिएँ। २४ तर मैले बोलाउँदा तिमीहरूले इन्कार गरेका हुनाले र मैले आफ्नो हात फैलाउँदा कसैले ध्यान नदिएको हुनाले, २५ मेरा सबै अर्तीलाई तिमीहरूले बेवास्ता गरेका हुनाले र मेरो हप्की ग्रहण नगरेका हुनाले, २६ तिमीहरूलाई आपत्ति आइपर्दा म हाँस्नेछु, विपत्तिले तिमीहरूलाई छोप्दा म खिल्ली उड़ाउनेछु– २७ जब आँधीबेहरीझैं तिमीहरूलाई विपत्तिले ढाक्छ, जब भुमरीझैं आपत्ति तिमीहरूमाथि मड़ारिएर आउँछ, जब सङ्कष्ट र दुःखले तिमीहरूलाई डुबाउँछन्। २८ "तब तिनीहरू मलाई पुकार्नेछन्, तर म जवाफ दिनेछैन, तिनीहरूले मेरो खोजी गर्नेछन्, तर मलाई भेट्टाउनेछैनन्। २९ तिनीहरूले ज्ञानलाई घृणा गरेका हुनाले र परमप्रभुको भय मान्न नचाहेका हुनाले, ३० तिनीहरूले मेरो अर्ती ग्रहण नगरेका हुनाले र मेरो हप्की तिरस्कार गरेका हुनाले, ३१ तिनीहरूले आफ्नो चालचलनको फल भोग्नेछन् र आफ्ना कपट योजनाको फलले आफै लादिनेछन्। ३२ आफ्नै मनमानीपनले गर्दा निर्बुद्धिहरू मर्नेछन्, र मूर्खहरूको आफ्नै निश्चिन्तताले तिनीहरूमाथि नाश आइपर्नेछ।"

बुद्धिलाई मानिसहरूले वेवास्ता गरे भने त्यसको दोष बुद्धिको होइन। तर उनको अर्ती, बुद्धिज्ञान सुन्न नचाहने मानिसहरूको चरित्र कस्तो हुन्छ भनेर बुद्धिले बयान गर्छिन्। यस्ता मानिसहरूको चरित्र हठी र वेवास्ता (आफ्नै शरीरलाई किन नहोस्) मानसिकता बोकेका हुन्छन् (हितोपदेश १:२५,३०)। मूर्ख वा कसैको कुरा सुन्न नचाहनेलाई पनि बुद्धिको आवश्यकता छ भनेर आभास् दिन्छ। जसले

अर्ती, बुद्धि, ज्ञानलाई घृणा गर्छ वा सुन्न अश्वीकार गर्छ त्यसता मानिसहरू मूर्ख हुन् रे! (हितोपदेश १:२२,२९)।

बुद्धिलाई आत्मसात् गर्न नचाहनेले ठूलो मूल्य चुकाउनु पर्छ। त्यो मोल कसैको नभएर आफ्नै आत्मनिर्णयको फल हो। हो, परमेश्वरप्रति श्रद्धा, विश्वास वा भय राख्न नचाहने मानिसहरू आत्मसंतुष्टि भएर बस्नु त पर्छ तर तिनीहरूले नै रोपेको फलले तिनीहरूलाई निसासिदिनेछ (हितोपदेश १:३१ रूपान्तरित)। जब हामीले परमेश्वरबाट आउने आत्मज्ञान वा बुद्धितिर बहिरो कान फर्काउँछौं तब आफूले आफूलाई नै धोका दिइरहेका हुन्छौं। आफै वा अरूले खेती गरेका झुटमुटहरूको चङ्गुलमा पर्न सजिलो बनाउँछ। त्यसो गर्दा परमेश्वरको आराधना गर्नुको सट्टा आफूले नै बनाएका मूर्तीहरूलाई देवता भनेर ढोग्न पुग्छौं। परमेश्वरले आशन ग्रहण गर्नुपर्ने हामीहरूको हृदयको गद्दीमा  ती मुर्तीहरूलाई बसाल्छौं। यस्ता मानिसहरू मानिसलाई उच्च चरित्रमा राख्ने धर्मलाई बेकारको भनेर घृणा वा प्रतिरोध गर्छन् र धर्ममा लाग्नेहरूको धज्जी उडाउँछन् वा सोझो भनेर तिनीहरूको उपहास गर्छन्। तर नाशवान हुने बस्तु, कमसल वा व्यर्थका कुराहरूलाई आफूलाई बेचेर आफूले आफैलाई धोका दिइरहेका हुन्छन्। तर अन्तमा राम्रोसँग केलाएर हेऱ्यौं भने ती कुराहरूले मानिसको हृदयको आधारभूत आवश्यकताको कहिल्यै पनि पूरा गर्न सक्दैन।

**तर सदाशयी र मायालु परमेश्वरले हामीलाई बेवारिसमा छोड्न चाहनुहुन्न। उहाँले हामीलाई प्रतिज्ञा र आशा दिनुभएको छ सो हामीहरूको आफ्नै अनुभवमा पनि स्पष्ट रूपमा देख्न सक्छौं। त्यो के हो त? हेर्नुहोस् हितोपदेश १:३३ "तर मैले भनेको कुरा जस-जसले सुन्छन् तिनीहरू सुरक्षामा जिउनेछन्,  र हानि-नोक्सानीको डरैविना ढुक्क रहनेछन्।"**

## ४. बुद्धिबाट प्राप्त हुने लाभ (हितोपदेश २:१०-२२)

कुन शर्तमा परमेश्वरको भय वा उहाँको उपस्थितिको अनुभव हामी गर्न सक्छौं वा बुझ्न सक्छौं? प्रत्येक मानिसलाई के आत्मनिर्णयको

हक दिइएको छ? हेर्नहोस्, हितोपदेश २:१-५ "हे मेरो छोरो, यदि तिमीले मेरा वचनहरू ग्रहण गर्‍यौ र मेरा आज्ञाहरू तिम्रो मनभित्र राख्यौ भने, २ बुद्धिका कुराहरू ध्यान दियौ र तिम्रो हृदयलाई समझशक्तितिर लगायौ भने, ३ अन्तर्दृष्टि वा अन्तरआत्माको लागि पुकार गर्‍यौ र समझशक्ति पाउनलाई चर्को सोरले पुकार्‍यौ भने, ४ यदि तिमीले चाँदीझैं त्यसलाई खोज्यौ र गाड्धनझैं त्यो खन्यौ भने, ५ तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान प्राप्त गर्नेछौ।"

तिनपल्ट "यदि" भनेर उपरोक्त पदहरू आउँदछन्। यथार्थमा सही शिक्षाको प्रथम् तिन कदमहरू त्यसले देखाउँदछन्। प्रथम् "यदि"मा चुपचाप सुन्ने बानी बसाल्न जान्नुपर्छ। अर्थात् हामीहरूलाई दिइने बुद्धि, ज्ञान र अर्तीलाई ध्यानपूर्वक सुन्नुपर्छ र ग्रहण गर्नुपर्छ (हितोपदेश २:१,२)।

दोस्रो "यदि"मा बुद्धि, ज्ञान र अर्तीको निम्ति भित्रै मनदेखि क्रन्दन गर्नुपर्छ। बुद्धिको चाहना बाहिरबाट होइन भित्रैबाट आउनुपर्छ (हितोपदेश २:३)। तेस्रो "यदि"मा बुद्धिलाई हल्का रूपमा होइन तर भम्भिर भएर गाडधन जस्तै खोज्नु पर्छ (हितोपदेश २:४)।

कुन शर्तमा धर्मपरायणता, पवित्रता वा जे ठिक छ त्यसैलाई आँट गरेर चल्ने ज्ञान पाउ सकिन्छ? मानिसहरूलाई बुद्धि दिन वा बुद्धि प्राप्त गर्न सहायता गर्न परमेश्वरको दायित्व के हो? हेर्नुहोस्ः हितोपदेश २:६-९ "किनभने परमप्रभुले बुद्धि दिनुहुन्छ, र उहाँको मुखबाट ज्ञान र समझशक्तिका कुराहरू निस्कन्छन्। ७ उहाँले ईमानदारको लागि आफ्नो भण्डारमा विजय साँचेर राख्नुभएको छ,
जसको चाल निर्दोष छ तिनीहरूका लागि उहाँ ढाल हुनुहुन्छ, ८ किनभने उहाँले न्यायको मार्ग रक्षा गर्नुहुन्छ, र आफ्ना विश्वासयोग्य भक्तजनहरूको बाटो सुरक्षित राख्नुहुन्छ। ९ तब धार्मिकता न्यायसङ्गत र उचित के हो– साथै हरेक असल मार्ग के हो तिमीले बुझ्नेछौ।"

पद ५मा उल्लेखित "तिमीले परमेश्वरको ज्ञान कसरी प्राप्त गर्ने सो थाहा पाउनेछौ"सँग "परमेश्वरले दिनुहुनेछ" भन्ने पद ६का शब्दहरू गाँसिएका छन्। मुक्ति जस्तै ज्ञानबुद्धि पनि परमेश्वरको बरदान हो।

मानिसलाई चाहिने ज्ञान र बुद्धि परमेश्वरबाट नै दिइन्छ। बुद्धिलाई परमेश्वरले आफ्नो भन्डारमा सञ्चिता गरेर राख्नुहुन्छ। बुद्धिमानी मानिसहरूका मार्गलाई उहाँले रखवाली गर्नुहुन्छ र सुरक्षा गर्नुहुन्छ।

जब अन्तमा मानव हृदयको दरवारमा बुद्धिले बास गर्न पायो भने के हुन्छ? हेर्नुहोस् हितोपदेश २:१०-२२ "किनभने बुद्धिले तिम्र हृदयमा प्रवेश गर्नेछ, र ज्ञानचाहिँ तिम्रो प्राणको लागि आनन्ददायक हुनेछ। ११ विवेकले तिमीमाथि हेरचाह गर्नेछ, समझशक्तिले तेरो रक्षा गर्नेछ। १२ बुद्धिले तिमीलाई दुष्ट चालबाट र छली कुरा गर्ने मानिसहरूबाट जोगाउनेछ। १३ त्यस्ताहरू ईमानदारीको चाल त्यागेर अन्धकारमा हिँड्डुल गर्छन्, १४ तिनीहरू खराब काम गर्नमा प्रसन्न हुन्छन् र दुष्टको बदमाशीमा रमाउँछन्, १५ जसका बाटोहरू बाङ्गोटिङ्गो र जसका आफ्नै चालहरू कुटिल छन्। १६ बुद्धिले तिमीलाई व्यभिचारिणी र अनैतिक स्त्रीका लोभ्याउने कुराहरूबाट जोगाउनेछ, १७ जसले आफ्नो यौवनको पतिलाई त्यागेकी छे र परमेश्वरको सामु आफूले बाँधेको करारको बेवास्ता गरेकी छे। १८ त्यसको घरभित्र पस्नेलाई मृत्युले ओह्रालो लैजान्छ, र त्यसको बाटोमा लाग्नेहरू मृतकहरूको देशमा पुग्छन्। १९ त्यस स्त्रीकहाँ जानेहरू कोही पनि फर्केर आउनेछैन, न त त्यस्ताहरूले जीवनको मार्ग नै भेट्टाउनेछन्। २० यसैकारण भला मानिसहरूको अनुसरण गर, र धर्मी मानिसको चालमा लागिबस्। २१ किनभने धर्मीहरू देशमा वास गर्नेछन्, र निर्दोष मानिसहरू त्यहाँ रहनेछन्। २२ तर दुष्टहरू देशबाट जरैसमेत उखेलिनेछन्, र विश्वासघातीहरू झारझैं फ्याँकिनेछन्।"

"जब बुद्धि तिम्रो हृदयमा पस्छ" भन्ने युक्तिले आत्मपरिवर्तनको अन्तिम कदमलाई देखाउँछ। त्यसले सत् ज्ञानको निम्ति आफ्नो जीवनलाई समर्पण गर्दछ। यदि हामी आत्मपरिवर्तित भयौं भने परमेश्वरको ज्ञान रस लिन सक्छौं। हामीहरूका आत्माले अझ बढि आनन्दको अनुभव गर्न सक्छ (हितोपदेश २:१० रूपान्तरित)। यदि परमेश्वरको भय र बुद्धि हामीमा छ भने दुष्टहरूको खराबी चाला र प्रभावबाट हामी जोगिन सक्छौं (हितोपदेश २:१२,१६)। अनि हामी

धर्मीहरूको बाटोमा हिँड्न सक्षम् हुन्छौं। अरूले भनेर होइन हामी आफैले जे उचित छ, जे न्यायसङ्गत छ जे असल छ त्यसको निर्णय गर्न हामी सक्षम् हुनेछौं (हितोपदेश २:२० रूपान्तरित)।

**दुष्ट हुने पहिलो कदम के हो भनेर हितोपदेश २:१३ र १७मा दिइएको छ। जब मानिस दुष्ट र खराब नियतले चल्छ तब के हुन्छ रे? "१३ त्यस्ताहरू ईमानदारीको चाल त्यागेर अन्धकारमा हिँड्डुल गर्छन्,...१७ जसले आफ्नो यौवनको पतिलाई त्यागेकी छिन् र परमेश्वरको सामु आफूले बाँधेको करारको बेवास्ता गरेकी छिन्।"**

हामी सबै जना पापी छौं भनेर हामी इन्कार गर्दैनौं। तर हामी जानाजानी पापको धरापमा पर्नुपर्छ भन्ने छैन। गलत दिशामा जाने मानिस पहिला ठीक दिशामै लागेको हुनुपर्छ। दुष्ट हुनु, खराब हुनु भनेको परमेश्वरमाथि विश्वासघात गरेर हिँड्नु हो। पाप बिस्तारै मानिसको हृदयमा पल्हाउँछ। सुरूमा नराम्रो काम नगर्ने नियत बोकेको हुन्छ। तर जब मनमा पापलाई हुर्कन दियौं वा पोसायौं भने त्यसले बदमाश र दुष्ट काम गर्न थाल्छ। अरूलाई दबाउने र ध्वस्त पार्ने काममा त्यो पापी मानिस रमाउन थाल्छ।

**नराम्रो काम गर्न तपाईं रुचाउनुहुन्छ भने त्यसले तपाईंको चरित्रको बारेमा के भनिरहेको हुन्छ? अझ समय बित्दै जाँदा नराम्रो काम त नराम्रो नदेखिने हुन जान्छ त्यसको बारेमा तपाईं के भन्ने?**

## ५. कहिल्यै नबिर्सनु (हितोपदेश ३:७)

**आफूले आफैलाई बुद्धिमानी वा चलाख छु भनेर गौरब गर्नु नराम्रो खाल्डोमा पर्नु हो त्यसकारण त्यसबाट सजग हुनु भनेर हितोपदेश ३:७ले यसरी बताउँछः "आफूलाई ज्यादै बुद्धिमान् नठान्, खालि परमप्रभुको आज्ञा मान् र दुष्ट्याइँबाट जोगिने गर्।"**

आफूलाई सबै कुरा थाहा छ भनेर आफ्नै आँखाको अगाडि बुद्धिमानी छु भन्ने सोचले ग्रष्त भएको मानिसले परमेश्वरको आवश्यकताको महशूस गर्दैन। "मलाई परमेश्वर किन चाहियो र? मलाई सबै कुरा थाहा छ" भनेर त्यस्तो मानिसले अहँ देखाउँछ। तर यो नैराश्यजनक अवस्था हो र यो सरासर झुठो दाबी हो। आफूलाई

सबै कुरा थाहा छ भनेर परमेश्वरको ज्ञान र बुद्धिको आवश्यकता नठान्ने मानिसभन्दा बरू मूर्ख मानिसमाथि आशा गर्न सकिन्छ (हितोपदेश २६:१२ रूपान्तरित)। फेरि यहाँ सही बुद्धि धार्मिक कर्तब्यसँग जोडिएको छ। बुद्धिमानी हुनुको अर्थ परमेश्वरका आज्ञाहरू पालन गर्नु हो (हितोपदेश ३:१), बुद्धिमानी हुनुको अर्थ अरूलाई दया देखाउनु र सत्यवादी भएर चल्नु हो (हितोपदेश ३:३) र आफूमा होइन तर परमेश्वरमा भर परेर हिँड्नु हो (हितोपदेश ३:५)। बुद्धि र परमेश्वरसँग घनिष्ठ सम्बन्ध भएको देखाउँछ। बाइबलका अरू पुस्तकहरूमा जस्तै हितोपदेशमा हृदय तथा मनलाई धेरै पल्ट औँल्याएका छन् (हितोपदेश ३:१,३,५)। **परमेश्वरको** आवाज सुन्न र उहाँबाट प्रभावित भएर व्यक्तिगत रूपमा आत्मनिर्णय गराउने मूल थलो नै मानप हृदय हो। (बुद्धि पस्नुपर्ने ढोका नै हृदय हो भनेर हितोपदेश २:१०मा उल्लेख गरेको छ।)।

**बुद्धिज्ञानको बरदानलाई आत्मसात् गर्दा त्यसको इनाम के हुन्छ? हेर्नुहोस् हितोपदेश ३:१३-१८ "बुद्धि र समझशक्ति प्राप्त गर्ने मानिस खुसी रहन्छ। १४ त्यसमा चाँदीमा भन्दा बढी लाभ हुन्छ र त्यो सुनभन्दा उत्तम हो। १५ बुद्धि हीरा-मोतीभन्दा ज्यादै उत्तम हुन्छ, तिमीले चाहेको कुनै कुराको त्योसित तुलना गर्न सकिंदैन। १६ बुद्धिले तिमीलाई दीर्घायु, धन-सम्पत्ति र इज्जत पनि दिंदछ। १७ बुद्धिले तिम्रो जीवन आनन्दमय बनाउन सक्छ र जीवन-पथमा तिमीलाई कुशलसाथ डोऱ्याउँछ। १८ बुद्धि पाउनेहरू खुसी हुन्छन्, बुद्धिले तिनीहरूलाई जीवन दिँदछ।"**

बुद्धिलाई सुस्वास्थ र दिर्घायुसँग गाँसिएको छ (हितोपदेश ३:२,८,१६,१८,२२)। बुद्धिले सुसम्पन्न हुनु भनेको आफ्नो जीवनमा "जीवनको रूख"लाई उमारिराख्नु हो (हितोपदेश १५:४)। यो आभास् हितोपदेशको पुस्तकमा धेरै पल्ट उठेको पाइन्छ (हितोपदेश ११:३०, १३:१२, १५:४)। ती उदाहरणहरूले अदनको बगैंचामा भएको रूखको बारेमा सूचक गरिन्छ। तर केवल बुद्धि वा बौद्धिक ज्ञान प्राप्त भयो भन्दैमा त्यो मानिसले अनन्त जीवन पाउँछ भनेर बाइबलले ठोकुवा

गर्दैन। बरू आत्मज्ञान र बुद्धिले भरिपूर भएर परमेश्वरसँग आनन्दमय जीवन बिताउनु नै अनन्त जीवनको स्वाद लिनु हो। पापको प्रवेश गर्नुभन्दा हामीहरूको आदि पूर्खा आदम र हब्बाले परमेश्वरसँग त्यो रमाइलो जीवन बिताएका थिए। उहाँसँग आनन्दमय जीवन अहिले पनि बिताउन अबसर हामीले पाउन सकिन्छ। जब हामी परमेश्वरसँग रहन्छौं तब कुनै न कुनै हदमा हामी अदनको बगैंचाको स्वाद पाउन सक्छौं। अन्तमा गुमाएको परमेश्वरको राज्य फेरि फर्किने छ भन्ने आश्वासनले हामी अझ ढुक्क भएर हाम्रो जीवनलाई अगाडि सार्न सक्छौं (दानिएल ७:१८)।

**आत्मिक तथा अर्थमूलक जीवन यापन गर्न बुद्धिको खाँचो किन छ? हेर्नुहोस् हितोपदेश ३:१९,२० "परमप्रभुले बुद्धिद्वारा पृथ्वी बनाउनुभयो, उहाँले ज्ञानद्वारा आकाशलाई त्यसको ठाउँमा बसाल्नुभयो। २० उहाँको बुद्धिले नदीहरू बगिनिस्के र बादलबाट पृथ्वीमा वर्षा भयो।"**

**सुरूमा हेर्दा,** यस अध्यायको परिवेशमा सृष्टिको कथासँग त्यस्तो सरोकार नदेखिएको जस्तो देखिन्छ। तर पद १८ले सृष्टिको समयमा बुद्धिको भूमिकालाई अनुमोदन गरेको देखिन्छ। फेरि पद १८ले जीवनको रूखसँग बुद्धि जोडिएको पाइन्छ। यदि स्वर्ग र पृथ्वी सृष्टि गर्न परमेश्वरले बुद्धिलाई प्रयोग गर्नुभयो भने बुद्धिको गरिमामय कतिको रहेछ भनेर बताउँछ। हामीहरूको सांसारिक जीवनको सिमानाभन्दा भन्दा पनि पार भएर बुद्धि रहेको हन्छ। अनन्त जीवनसँग बुद्धि पनि गाँसिएको छ। जीवनको रूखसँग बुद्धि जोडिएको हुँदा हामीलाई अदनको बगैंचाको याद दिलाउँछ। यो आत्मज्ञानले यस अध्यायको अन्तमा दिएको प्रतिज्ञासँग हामीलाई नजिक ल्याउँछः "बुद्धिमान् मानिसहरूले इज्जत र नाम कमाउँछन् तर मूर्खहरूले आफ्नो अपमानमाथि अपमान थप्छन्।" हितोपदेश ३:३५।

## उपसंहारः

**थप जानकारीः** "गहिरो सत्य आत्मज्ञान बाइबलसँग जोडिएको छ भनेर युवायुवतीहरूले जान्नु आवश्यक छ। परमेश्वर नै जीवनको मूहान हुनुहुन्छ भनेर तिनीहरूले बुझ्नुपर्छ (भजन ३६:९)। उहाँ सबैको स्रस्ता वा लेखक हुनुहुन्छ। जीवित हुनेहरूको जीवन पनि उहाँ नै हुनुहुन्छ। सूर्यको किरणबाट पाइने जीवनदान उहाँकै हो। शुद्ध, मिठो हावा र शरीरलाई बनाउने बिभिन्न खाद्य पदार्थहरू जसले शक्ति दिएर हामीलाई बलियो बनाउने पनि उहाँकै जीवनबाट आउँछ। घन्टौं घन्टा पल पलमा हामी उहाँकै जीवनबाट जिउँछौं। यदि पापले हामीलाई माथ गर्न दिएनौं भने परमेश्वरबाट आउने सबै बरदानहरूले सुस्वास्थ र आनन्द दिएर हामीहरूको जीवनलाई थाम्दछन्।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. १९७, १९८बाट रूपान्तरित।

"कतिले भन्दछन् विश्वाससाथ परमेश्वरतिर लाग्दा स्वास्थ्यको निम्ति हानीकारक छ र सामाजिक जीवनमा हँसिलो र खुशीहुनबाट बंचित हुन्छौं। तर जो मानिसहरू परमेश्वरको बुद्धि र पवित्रतामा हिँड्छन् ती मानिसहरूले ईश्वरिय वा चोखो जीवन बिताउँनु भनेको सबै कुराको निम्ति असल हो भनेर प्रत्याभूति पाउँछन्। अहिले नै दिर्घायु तथा अर्थमूलक जीवन दिने र स्वर्गमा अनन्त जीवन दिने प्रतिज्ञा भक्ति जीवनबाट प्राप्त गर्न सकिन्छ। जीवनमा पाइने रमाइलो स्वादलाई चाखेर ती मानिसहरू आनन्दका साथ जोशिलो भएर तिनीहरू जिउँछन्।"-एलेन जी ह्वाइट, द एसडिए बाइबल कमेन्टरी, ठेली ३, पृ. ११५६बाट रूपान्तरित।

## चिन्तनमननः

१. **ज्ञान र बुध्दिमा के फरक छ? विद्वान वा धेरै ज्ञानहुनेहरूमा बुद्धिको कमी किन हुनसक्छ? धेरै पढे लेखेकाहरूमा बुद्धि नभएको हामीमध्ये कसलाई थाहा छैन र?**

२. बाइबल अनुसार भय भन्ने शब्दको धेरै अर्थहरू हुनसक्छन्। हामीहरूको हृदयमा परमेश्वरप्रति भय राख्नु भनिएको छ। त्यसको अर्थ उहाँमाथि श्रद्धा, भक्ति र प्रेम देखाइराख्नु हो। फेरि हामीलाई यो पनि भनिइएको छ "प्रेममा कुनै किसिमको डर वा भय हुँदैन। परमेश्वरको भय मानेर पनि उहाँलाई कसरी प्रेम गर्ने?

३. "आफ्नै आँखामा आफू चलाक र बुद्धिमानी छु" भन्ने कुरा किन अत्यन्त खतरनाक हुन सक्छ? मानिस कतिको पापी छ भनेर जान्दाजान्दै पनि उपरोक्त सोचमा ढुक्क हुनु मनासिव देखिन्दैन। हामीले चाहेको अनुसार चल्न अनेकौं बहाना लगाउन सजिलो छ भन्ने कुरालाई हामीले बुझ्नुपर्छ। अनेकौं नराम्रो बानीमा चल्नेहरूले कस्ता कस्ता बहाना बनाउँछन्। तिनीहरूको बारेमा सोच्नुहोस्। त्यही कुरा हामीले पनि नदोहोऱ्याउन हामी कसरी सजग हुने?